त्रि.वि.,इ.अ.सं.,डीनको कार्यालय

## कन्सल्टेन्सी सेवाको लागि कर्मचारी आवश्यकता सम्बन्धी सूचना

त्रि.वि.,इ.अ.सं.कन्सल्टेन्सी सेवाको आन्तरिक स्रोततर्फ निम्नानुसारका पदहरु करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन २०८३।०८।१८ गते दिनको ३:०० बजे भित्र इ.अ.सं.कन्सल्टेन्सी सेवामा आईपुग्ने गरी एक प्रति दरखास्त आव्हान गरिएको छ।

| | |
|---|---|
| १) सिभिल इन्जिनियर | १ (एक) जना। |
| २) आर्किटेक्ट | १ (एक) जना। |
| ३) सिभिल सब इन्जिनियर | १ (एक) जना। |

विस्तृत विवरण इ.अ.सं.डीनको कार्यालय, पुल्चोकको वेबसाईट : www.ioe.edu.np बाट प्राप्त गर्न सकिनेछ।

त्रिभुवन विश्वविद्यालय,
इन्जिनियरिङ्ग अध्ययन संस्थान, डीनको कार्यालय

## कन्सल्टेन्सी सेवाको लागि कर्मचारी आवश्यकता सम्बन्धी सूचना

त्रि.वि.इ.अ.सं., कन्सल्टेन्सी सेवाको आन्तरिक स्रोततर्फ तपसिल बमोजिमका पदहरुमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन २०८३।०८।१८ गते दिनको ३:०० बजे भित्र इ.अ.सं.कन्सल्टेन्सी सेवामा आईपुग्ने गरी १ प्रति दरखास्त आव्हान गरिएको छ ।

**तपसिल**

| | |
|---|---|
| **१) सिभिल इन्जिनियर** | **१ (एक) जना ।** |
| **२) आर्किटेक्ट** | **१ (एक) जना ।** |
| **३) सिभिल सब इन्जिनियर** | **१ (एक) जना ।** |

दरखास्त फाराम इ.अ.सं.डीनको कार्यालयको वेबसाईट www.ioe.edu.np बाट प्राप्त गर्न सकिनेछ। म्याद नाघि प्राप्त हुन आएको र रीत नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन । दरखास्त फारामसाथ निम्नलिखित कागजातहरुको प्रमाणित प्रतिलिपिहरु पेश गर्नु पर्नेछ । साथै लिखित परीक्षाको सूचना र पाठ्यक्रम इ.अ.सं., डीनको कार्यालयको वेबसाईट www.ioe.edu.np मा प्रकाशित गरिनेछ ।

१) प्रवेशिका देखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क तथा प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु ।
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
३) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति ।
४) कार्य अनुभवको प्रमाणपत्र ।
५) बायोडाटा ।
६) इन्जिनियर र आर्किटेक्टको हकमा नेपाल इन्जिनियरिङ्ग परिषद्मा नाम दर्ताको प्रमाणपत्र ।

**आवश्यक न्यूनतम योग्यता :**

**सिभिल इन्जिनियर :-** त्रि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नातक **(B.E Civil Engineering)** उपाधि हासिल गरेको ।

**आर्किटेक्ट :-** त्रि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नातक **(B. Arch)** उपाधि हासिल गरेको ।

**सिभिल सब इन्जिनियर :-** त्रि.वि.वा यसबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा द्वितीय श्रेणीमा सब इन्जिनियर **(Diploma in Civil Engineering)** उपाधि प्राप्त गरेको ।

**आवेदन शुल्क :-**

| | |
|---|---|
| सिभिल इन्जिनियरको लागि | **रु.३,०००।०० (तीन हजार मात्र) ।** |
| आर्किटेक्टको लागि | **रु.३,०००।०० (तीन हजार मात्र) ।** |
| सिभिल सब इन्जिनियरको लागि | **रु.१,५००।०० (एक हजार पाँच सय मात्र) ।** |

**द्रष्टव्य :** इ.अ.सं.डीनको कार्यालय पुल्चोकको **हिमालयन बैंक लि.** हरिहर भवनमा रहेको **खाता नं.१२०००३०२७२००२४** मा आवेदन शुल्क जम्मा गरेको सक्कल भौचर संलग्न गरी इ.अ.सं.,कन्सल्टेन्सी सेवामा दरखास्त फाराम बुझाउनु पर्नेछ ।

**उमेर हद :-** सिभिल इन्जिनियर र आर्किटेक्टका लागि **२१** वर्ष पुरा भई **४०** वर्ष ननाघेको, सिभिल सब इन्जिनियरको लागि **१८** वर्ष पुरा भई **४०** वर्ष ननाघेको ।

**वेतनक्रम :-** त्रि.वि.को प्रचलित न्यूनतम तलबमान अनुसार र अन्य सुविधा करारनामा अनुसार हुनेछ ।

**करार अवधी :-** ६ (छ) महिना र आवश्यकता अनुसार नविकरण गर्न सकिनेछ ।

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ्ग अध्ययन संस्थान
(प्राविधिक पदको लागि)

# आवेदन फाराम

आवेदन दर्ता नं:

विज्ञापन मिति :

आम्दानी भर्पाई नं.:
रकम :
मिति :

**आवेदित पद :** .....

**व्यक्तिगत विवारण**

दुवै कान देखिने हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

**क. नाम थर :**

| |
|---|
| अंग्रेजीमा (Block Letter) : |
| नेपालीमा : |

**ख. नागरिकता :** ..... **धर्म :** .....

**ग. जन्म मिति : वि.सं.**..... **इ.सं. :** .....

**घ. लिङ्ग :** ..... **जम्मस्थान :** .....

**ङ. विवाहित भए पति वा पत्नीको नाम :** .....

**च. बाजेको पुरा नाम, थर, वतन र व्यवसाय :** .....

**छ. पिताको पुरा नाम, थर, वतन र व्यवसाय :** .....

**ज. स्थायी ठेगाना :** .....

**झ. अस्थायी ठेगाना :** .....

**ञ. सम्पर्क फोन नं. :** .....

**ट. ई-मेल ठेगाना :** .....

**शैक्षिक योग्यता :**

| सि.नं | शैक्षिक योग्यता | बोर्डको नाम र स्थान | श्रेणी | उत्तिर्ण गरेको साल | प्रतिशत/ग्रेड | मूल विषय |
|---|---|---|---|---|---|---|
| १. | एस.एल.सी | | | | | |
| २. | प्रमाण पत्र तह | | | | | |
| ३. | स्नातक तह | | | | | |
| ४. | स्नातकोत्तर तह | | | | | |

**अनुभवको विवरण :**

| काम गरेको संगठन वा निकायको नाम र स्थान | पदको नाम | स्थायी/अस्थायी /करार | बहाल गरेको मिति | छोडेको मिति | जम्मा अनुभव अवधि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**पेश गर्नुपर्ने प्रमाणपत्रहरुको प्रतिलिपीहरु**

| सिं.नं | शैक्षिक योग्यता | चिन्ह लगाउने |
|---|---|---|
| १. | एस.एल.सी/एस.ई.ई को लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र | |
| २. | प्रमाणपत्र तह/+2 को ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र | |
| ३. | स्नातक तहको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र | |
| ४. | स्नातकोत्तर तहको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र | |
| ५. | नागरिकता/राष्ट्रिय परिचयपत्र | |
| ६. | कार्य अनुभवको प्रमाणपत्र | |
| ७. | इन्जिनियर र आर्किटेक्टको हकमा नेपाल इन्जिनियरिङ्ग परिषद्मा नाम दर्ताको प्रमाणपत्र । | |
| ८. | बायोडाटा | |
| मान्यता प्राप्त शिक्षण संस्थाबाट आफूले हासिल गरेको उपाधीको नेपाल सरकारले तोकेको सम्बन्धित संस्थावाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ । | | |

**आवेदकको हस्ताक्षर :** .....

**रुजु गर्ने सम्बन्धित कार्यालयको अधिकृतको हस्ताक्षर :** .....

**द्रष्टव्य : सम्बन्धित शाखाबाट आवेदन फाराम रुजु गरेपछि मात्र दर्ता गर्नुपर्नेछ ।**

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ्ग अध्ययन संस्थान
**(प्राविधिक पदको लागि)**

दुवै कान देखिने हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

# प्रवेश पत्र

विज्ञापन मिति :

| नाम थर : | अंग्रेजीमा (Block Letter) : |
|---|---|
| | नेपालीमा : |

**आवेदित पद :** .....

**उम्मेदवारको दस्तखत नमूना :** .....

***(प्रवेशपत्र बुझिलिदा फोटोमा कार्यालयको सम्बन्धित अधिकृतको दस्तखत र कार्यालयको छाप लगाएको हेरेर मात्र लिनु होला ।)***

---

**सम्बन्धित कर्मचारीले भर्ने :**

सि.नं.: ..... परीक्षा मिति : .....

परीक्षा केन्द्र : ..... परीक्षा समय : .....

**परीक्षा सम्बन्धी नियमहरु :**

१. प्रवेशपत्र विना परीक्षामा सम्मिलित हुन पाइने छैन ।
२. केन्द्राध्यक्षले वा केन्द्राध्यक्षले खटाएको व्यक्तिले तोकेको सिटमा बसी परीक्षा दिनुपर्नेछ ।
३. परीक्षाको दिन परीक्षा शुरु हुनुभन्दा आधा घण्टा पहिले भवन खुल्नेछ ।
४. प्रश्नपत्र बाँड्नुभन्दा १० मिनेट अघि परीक्षार्थीहरुले आफ्नो स्थान ग्रहण गरिसक्नुपर्नेछ । स्थान ग्रहणपछि एक आपसमा कुरा गर्न वा पढ्न पाइने छैन ।
५. परीक्षा शुरु भएको १५ मिनेटभन्दा ढिलो गरी आउने परीक्षार्थीलाई परीक्षा भवनमा प्रवेश गर्न दिइने छैन ।
६. परीक्षार्थीले परीक्षा भवनमा कुनै किसिमको पुस्तक, नोट, चिट, मोवाईल इत्यादि लान पाइनेछैन । कुनै परीक्षार्थीले परीक्षा भवनमा त्यस्ता निषेध गरिएको कुनै पनि चिज लगेमा अथवा अनुचित व्यवहार गरिएको पाइएमा त्यस्ता परीक्षार्थीलाई परीक्षा भवनबाट निष्काशन गरिनेछ ।
७. परीक्षर्थीले प्रश्नपत्र पाएको आधा घण्टासम्म परीक्षा भवन छोड्न पाइने छैन ।
८. परीक्षामा चाहिने सामाग्री आफैले लिएर आउनु पर्नेछ । अरु परीक्षार्थीको सामाग्री प्रयोग गर्न पाइने छैन ।
९. आवेदन पत्र कुनै कारण अस्वीकृत भएमा यो प्रवेशपत्र स्वतः रद्द हुनेछ ।
१०. यो प्रवेश पत्र हराएमा प्रतिलिपी बनाउन आवेदन फाराम अनुसारको एक प्रति फोटो र रु.५०।- लाग्नेछ ।